लोक सेवा आयोग

नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परिक्षा

२०७५।१०।२९

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :-सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१. नेपालको संवैधानिक विकासक्रमका विभिन्न चरणहरू को विश्लेषण गर्दै जनतावाट आफूलाई प्राप्त सार्वभौम अधिकारको प्रयोग पहिलो पल्ट भई संविधान सभाबाट जारी भएको वर्तमान् संविधानमा समावेश भएका महत्वपूर्ण विषयहरू वारे उल्लेख गर्नुहोस् । १५

२. व्यवस्थापन विधि (Legislative Process) भन्नाले के बुझ्नुहुन्छ? नेपालको वर्तमान संविधानमा उल्लेख भएको व्यवस्थापन विधिका सम्वन्धमा चर्चा गर्दै कुनै विधेयक कसरी ऐन वन्दछ? स्पष्ट गर्नुहोस् । १५

३. कानूनको तर्जुमा गर्दा तर्जुमाकारले के कस्ता सिद्धान्तको अवलम्वन गर्नुपर्ने हुन्छ र कानून तर्जुमाका के कस्ता सीमा (Constraints or Limitations) हुन्छन? नेपालमा कानून तर्जुमा गर्दा अपनाइने संरचना र ढाँचाको वारेमा समीक्षात्मक टिप्पणी गर्नुहोस् । १५

४. अन्तर्राष्ट्रिय कानूनमा भू-परिवेष्टित् राष्ट्रको हक अधिकारहरूका सम्वन्धमा भएको व्यवस्था उल्लेख गरी विगतमा नेपालले यस अधिकारको प्रयोगमा छिमेकी राष्ट्रबाट वाधा अड्चन भोग्दै आएको तथ्यलाई समेत मध्यनजर गर्दै त्यस्ता वाधा अडचन् के कसरी निराकरण गर्न उपयुक्त होला? अन्तर्राष्ट्रिय कानून बमोजिम सो हक अधिकार संरक्षणका विधिहरू वारे विश्लेषणसहित आफ्नो तर्क प्रस्तुत् गर्नुहोस् । १५

५. नेपालका केही प्रशासनिक निकायलाई प्रशासनिक काम कारवाईका अतिरिक्त केही विषयमा निर्णय गर्ने अधिकार पनि कानूनद्वारा प्रदान गरिएको पाइन्छ । त्यस्तो अर्धन्यायिक निर्णय गर्दा न्यायिक ढङ्गले काम गर्नुपर्ने सिद्धान्त विश्वव्यापी रूपमा प्रचलित छ । तथापि प्रशासनिक निकायका अधिकारीहरूले गरेका कतिपय निर्णय गैरकानूनी भै अदालतबाट वदर हुने गरेको देखिन्छ । यस्तो समस्या निराकरण गरी स्वच्छ एवं निष्पक्ष न्याय प्रदान गर्नका लागि के कस्तो व्यवस्था अवलम्वन गर्नु उपयुक्त हुन्छ? सुझाव प्रस्तुत गर्नुहोस् । १५

६. सरकारी खरिद कार्यलाई व्यावस्थित र प्रभावकारी वनाउन सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यापक रूपमा उल्लेख गरिएको छ । खास गरेर सार्वजनिक निर्माण कार्यसंग सम्वन्धित् खरिद प्रक्रियामा समस्या देखिएको कुरा विभिन्न संचार माध्यमहरूले औल्याइरहेका छन् । तोकिएको लागत र कामहरू समयमा कार्यसम्पन्न हुन नसकेका र सम्पन्न भएका गुणस्तरीय हुन नसकेका आयोजनाहरूको फेहरिस्त पनि लामै देखाएका छन् । सरकारले निर्माण व्यवसायी कम्पनीलाई दोष लगाउने र निर्माण व्यवसायीहरूले पनि सरकारलाई दोषी देख्ने प्रवृत्ती देखिएको छ । सार्वजनिक निर्माण कार्यमा संलग्न पक्षहरू: कानूनी संरचना, सार्वजनिक निर्माण कार्यमा संलग्न निजामती प्रशासन र ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायी कम्पनीहरू वीच कहाँनेर अन्तर (Gap) रहन जाँदा यस्तो स्थिति सिर्जना हुन गएको हो? पहिचान गर्दै सार्वजनिक निर्माणको क्षेत्रमा देखिएका समस्या समाधानका उपायहरू र सो को कार्यान्वयनको लागी जिम्मेवार निकाय सहितको कार्ययोजना निर्धारित ढाँचामा प्रस्तुत गर्नुहोस् । २

☺ समाप्त ☺ ☺